## वैठक नं ४

मितिः २०७९।१२।२ गते बिहिबार जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको आयोजनामा सरकारी वकील र अनुसन्धान अधिकृतबीच सरकारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

सरकारी वकील

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिसवका बर्दिया

सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, जिसवका बर्दिया

अनुसन्धान अधिकृत

प्रहरी उपरीक्षक श्री सुधिरराज शाही, कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय, बर्दिया

सहायक वन अधिकृत श्री ज्ञानबहादुर चौधरी, डिभिजन वन कार्यालय, बर्दिया

सहायक वन अधिकृत श्री रामगणेश साह, डिभिजन वन कार्यालय, बर्दिया

प्रहरी निरीक्षक श्री जय नेपाल थापा, ईलाका प्रहरी कार्यालय, राजापुर

प्रहरी निरीक्षक श्री हरिहर खड्का, ईलाका प्रहरी कार्यालय, बानियाभार

प्रहरी निरीक्षक श्री कमल क्षेत्री, ईलाका प्रहरी कार्यालय, मैनापोखर

प्रहरी निरीक्षक श्री सुधिरकुमार खड्का, ईलाका प्रहरी कार्यालय, मोतिपुर

प्रहरी निरीक्षक श्री बखतबहादुर शाही, ईलाका प्रहरी कार्यालय, ढोढरी

प्रहरी निरीक्षक श्री निराजन सुनार, ईलाका प्रहरी कार्यालय, पाताभार

प्रहरी निरीक्षक श्री प्रकाश थापा, जिल्ला प्रहरी कार्यालय, बर्दिया

रेञ्जर श्री केशव ढोडारी, बर्दिया राष्ट्रिय निकुञ्जको कार्यालय

रेञ्जर श्री आशिक थापा, बर्दिया राष्ट्रिय निकुञ्जको कार्यालय

प्रहरी बरिष्ठ नायव निरीक्षक श्री नवराज रावल, जिल्ला प्रहरी कार्यालय, बर्दिया

प्रहरी नायव निरीक्षक श्री पवन साउद, ईलाका प्रहरी कार्यालय, मैनापोखर

अनुसन्धान सहायक

प्रहरी हवल्दार श्री कलमबहादुर वि.क., ईलाका प्रहरी कार्यालय, ढोढरी

प्रहरी हवल्दार श्री दौलत सिंह बुडाल, ईलाका प्रहरी कार्यालय, बानियाभार

प्रहरी हवल्दार श्री पवित्रकुमार वि.क., ईलाका प्रहरी कार्यालय, मोतिपुर

आमन्त्रित

टाईपिष्ट नायव सुब्बा श्री भगवती शर्मा पौडेल, जिसवका बर्दिया

छलफलका विषयहरू:

१) मिति २०७९।११।२२ मा सम्पन्न जिल्ला सरकारी वकील कार्यालय तहको समन्वय समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।

२) पीडित, जाहेरवाला र साक्षीको वतन र सम्पर्क नम्बर अद्यावधिक गरी वकपत्रको जानकारी गराउने र परामर्श दिने सम्बन्धमा ।

३) पीडित र जाहेरवालालाई मुद्दाको काम कारबाही र फैसलाको जानकारी गराउने र क्षतिपूर्ति प्राप्त गर्न सहजिकरण गर्ने सम्बन्धमा ।

४) सरकारी वकीलको निर्देशन कार्यान्वयन सम्बन्धमा ।

५) कल डिटेल रिपोर्टको विश्लेषण गरी मिसिलमा संलग्न गर्ने सम्बन्धमा ।

६) घटनास्थल मुचुल्का र सडक दुर्घटना प्रतिवेदनको रेखा चित्रको विश्लेषण गर्ने ।

७) जटिल मुद्दाको विषयमा जाहेरी दर्ता भएदेखि नै निरन्तर छलफल गर्ने सम्बन्धमा ।

८) पीडित र जाहेरवालासँग प्रहरीको अनुसन्धान गर्ने ईकाइले छलफल गर्ने सम्बन्धमा ।

<u>निर्णयहरु</u>

निर्णय नं १) विषय नं १ का सम्बन्धमा छलफल गर्दा जिल्ला सरकारी वकील कार्यालय बर्दिया तहको समन्वय समितिबाट मिति २०७९।११।२२ गते भएका निर्णयहरुको अनुसन्धान गर्ने निकायले कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं २) विषय नं २ का सम्बन्धमा छलफल गर्दा मुद्दाका पीडित, जाहेरवाला र साक्षीको वतन र सम्पर्क नम्बर अनुसन्धान गर्ने निकाय र सरकारी वकील कार्यालयले अद्यावधिक गरी वकपत्रको सूचना प्राप्त भएपछि उपस्थितिका लागि जानकारी दिने, वकपत्रका सम्बन्धमा परामर्श गराउने र मुद्दाको कारबाहीको प्रकृयाबारे जानकारी गराउन सम्पर्क व्यक्ति प्रत्येक अनुसन्धान गर्ने निकायले तोकी जिल्ला सरकारी वकील कार्यालय बर्दियालाई जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं ३) विषय नं ३ का सम्बन्धमा छलफल गर्दा अनुसन्धान गर्ने निकायले आफ्नो अनुसन्धान गर्ने कार्यालयबाट अनुसन्धान भई दायर भएका मुद्दाका सम्बन्धमा पीडित र जाहेरवालालाई मुद्दाको काम कारबाही र फैसलाको जानकारी गराउने र क्षतिपूर्ति प्राप्त गर्न सहजिकरण गर्न सम्पर्क व्यक्ति तोकी जिल्ला सरकारी वकील कार्यालय बर्दियालाई जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं ४) विषय नं ४ का सम्बन्धमा छलफल गर्दा सरकारी वकीलले मुद्दाको प्रभावकारी अनुसन्धान र अभियोजन गर्न अनुसन्धान अधिकृतलाई दिएका निर्देशनहरूको कार्यान्वयन गर्ने । कुनै द्विविधा भए निर्देशन दिने सरकारी वकीलसँग थप स्पष्ट हुने । दिइएका निर्देशनहरूको छुट्टै फाईल खडा गरी सम्बन्धित अनुसन्धान गर्ने निकायले राख्ने ।

जिल्ला प्रहरी कार्यालय बर्दिया मातहतको अनुसन्धान गर्ने निकाय र डिभिजन वन कार्यालय बर्दिया मातहतको अनुसन्धान गर्ने निकायलाई अनुसन्धानको सिलसिलामा दिएका निर्देशनहरुको जानकारी गराउने । अनुसन्धान गर्ने निकायको जिल्लाको माथिल्लो कार्यालयले त्यस्तै प्रकृतिका अन्य मुद्दाहरु र अनुसन्धानको सन्दर्भमा सान्दर्भिक अन्य मुद्दाहरुमा समेत अनुसन्धानलाई प्रभावकारी बनाउन ती निर्देशनहरुको अनुसरण गर्ने तथा सरकारी वकीलबाट दिइएका निर्देशनहरुको छुट्टै रेकर्ड फाईल तयार गरी राख्ने निर्णय गरियो।

निर्णय नं ५) विषय नं ५ का सम्बन्धमा छलफल गर्दा मिसिलमा संलग्न गर्नुपर्ने कल डिटेल रिपोर्टको विस्तृत रुपमा अनुसन्धान अधिकृतले विश्लेषण गरी मिसिलमा संलग्न गर्ने । कल डिटेल रिपोर्टका लागि माग गरिएका टेलिफोन नम्बरहरु कुन व्यक्तिका नाममा छन् उक्त विवरणहरु पनि सम्बन्धित निकायबाट माग गरी मिसिलमा संलग्न गर्ने ।

निर्णय नं ६) विषय नं ६ का सम्बन्धमा छलफल गर्दा घटनास्थल मुचुल्का र सडक दुर्घटना प्रतिवेदनको रेखा चित्रको तयार गर्ने कर्मचारीले विस्तृत रुपमा विश्लेषण गरी मिसिल संलग्न गर्ने ।

निर्णय नं ७) विषय नं ७ का सम्बन्धमा छलफल गर्दा आर्थिक अपराध, संगठित अपराध, बालबालिका, महिला र फरक शारीरिक क्षमता भएका अपांग व्यक्ति पीडित भएका, जघन्य र जटिल मुद्दाहरूमा जाहेरी दरखास्त परेदेखि नै सरकारी वकील र अनुसन्धान अधिकृतबीच निरन्तर छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं ८) विषय नं ८ का सम्बन्धमा छलफल गर्दा पीडित र जाहेरवालासँग प्रहरीको अनुसन्धान गर्ने ईकाइले मुद्दाको काम कारबाही विषयमा जानकारी दिन, प्रतिवादीलाई सजाय भएका र पीडितले क्षतिपूर्ति पाउने विषयमा सरकारी वकीलसँग समन्वय गरी छलफल गर्ने निर्णय गरियो ।

२०६९।१२।१